नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

आज मिति २०७८ भाद्र २० गते नेपाल सरकारका मुख्य सचिव श्रीमान् शंकरदास बैरागीज्यूको अध्यक्षतामा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ५७औं बैठक बस्यो । बैठकमा संयुक्त बजार अनुगमनलाई व्यवस्थित गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले अन्य निकायहरुको समन्वयमा विस्तृत कार्ययोजना बनाइ १५ दिन भित्र पेश गर्ने निर्णय भएको छ । बिगत वर्षहरुमाझैं यस वर्षका प्रमुख चाडपर्वहरुमा पनि अत्यावश्यक उपभोग्य वस्तुहरु सहज तथा सर्वसुलभ रुपमा उपलब्ध गराउनको लागि सुपथ मुल्य पसल मिति २०७८ असोज १ देखि छठ पर्वपछिको एक हप्तासम्म सञ्चालन गर्ने व्यवस्था उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने निर्णय भएको छ ।

त्यसैगरी चाडपर्वहरुलाई लक्षित गरी सार्वजनिक यातायातको भाडा दर, यात्रुसिट क्षमताका आधारमा अनलाइन टिकेटिङ्ग र कोभिडसम्वन्धी स्वास्थ्य मापदण्डको पालना गरी गराइ सहज यात्रा व्यवस्थापन लगायतका कार्यहरु भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र गृह मन्त्रालयले प्रमुख जिल्ला अधिकारीमार्फत मिलाउनुका साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खुद्रा तहका व्यावसायीहरुलाई खोप लगाउने सूचीमा प्राथमिकता दिने निर्णय भएको छ ।

२०७८ भाद्र २०

कृष्ण बहादुर राउत
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np